आज मिति २०८१ साल असोज २० गते आईतबारका दिन विहान ११ बजे यस कटारी नगरपालिकाका नगर प्रमुख श्री राजेश चन्द्र श्रेष्ठज्यूको अध्यक्षतामा तपसिलका विषयमा छलफल गर्नको लागि कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बस्यो।

उपस्थितिः

| क्र.सं. | पदाधिकारी तथा कर्मचारीहरुको नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | राजेशचन्द्र श्रेष्ठ | नगर प्रमुख | |
| २ | गिता खड्का | नगर उप प्रमुख | |
| ३ | पदम लाल मगर | १ नं. वडाध्यक्ष | |
| ४ | प्रेम बहादुर क्षेत्री | २ नं. वडाध्यक्ष | |
| ५ | पुष्कर खड्का | ३ नं. वडाध्यक्ष | |
| ६ | भुपेन्द्र सिंह तामाङ्ग | ४ नं. वडाध्यक्ष | |
| ७ | मोहन बहादुर तामाङ्ग | ५ नं. वडाध्यक्ष | |
| ८ | प्रेम बहादुर मगर | ६ नं. वडाध्यक्ष | |
| ९ | सुविन ढुङ्गाना | ७ नं. वडाध्यक्ष | |
| १० | नविन्द्र कुमार तामाङ्ग | ८ नं. वडाध्यक्ष | |
| ११ | बेग बहादुर आले मगर | ९ नं. वडाध्यक्ष | |
| १२ | क्षेत्र बहादुर खड्का | १० नं. वडाध्यक्ष | |
| १३ | अनन्त हायु | ११ नं. वडाध्यक्ष | |
| १४ | यम्बर बहादुर कटुवाल | १२ नं. वडाध्यक्ष | |
| १५ | शम्भु श्रेष्ठ | १३ नं. वडाध्यक्ष | |
| १६ | अम्बर बहादुर मगर | १४ नं. वडाध्यक्ष | |
| १७ | देवी कुमारी घिमिरे | कार्यपालिका सदस्य | |
| १८ | भगवती अधिकारी | कार्यपालिका सदस्य | |
| १९ | मेलिना श्रेष्ठ | कार्यपालिका सदस्य | |
| २० | गिता कुमारी गिरी | कार्यपालिका सदस्य | |
| २१ | सम्झना मुरी मगर | कार्यपालिका सदस्य | |

| | | | |
|---|---|---|---|
| २२ | हेम कुमारी वि.क. | कार्यपालिका सदस्य | |
| २३ | मन्जु कुमारी राई दनुवार | कार्यपालिका सदस्य | |
| २४ | जितेन्द्र बराईली | कार्यपालिका सदस्य | |
| २५ | राजमणि निरौला | प्रमुख प्रशासकीय अधिकृत | |
| २६ | परेक बहादुर बुढा - लेखापाल - | | |
| २७ | रोशन कार्की - [illegible] | | |
| २८ | लोके ब - राई - प्रशासन | | |

मिति २०८१ असोज २० गतेको कार्यपालिका बैठकको निर्णयहरुः

एजेण्डाहरुः

१. ढुङ्गा, गिट्टी, वालुवा लगायतका नदीजन्य पदार्थको उत्खनन तथा बिक्री वितरणका लागि ठेक्का बन्दोवस्त सम्बन्धमा ।

२. मनोरञ्जन कर, विज्ञापन कर र कवाडी कर संकलनका लागि ठेक्का बन्दोबस्त सम्बन्धमा ।

३. नगर दररेट सम्बन्धमा ।

४. विपद सम्बन्धमा ।

५. आर्थिक सहायता सम्बन्धमा ।

६. विविध

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा कटारी नगरपालिका अन्तर्गत पर्ने नदीजन्य पदार्थको दिगो उत्खनन/सङ्कलन कार्य गर्नको लागि कटारी नगरपालिकाको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन, २०८० को तालिका नं. ०५ मा उल्लेख भए बमोजिमको परिणाममा कोशी प्रदेशको दररेट बमोजिम ढुङ्गा गिट्टी वालुवा लगायतका नदीजन्य पदार्थको उत्खनन तथा संकलन गरी बिक्री वितरणको कार्य गर्न प्रचलित कानून बमोजिम ठेक्का बन्दोवस्त गर्ने। साथै ठेक्का प्रक्रिया सम्पन्न नभएसम्मका लागि नदीजन्य पदार्थको संकलन/उत्खनन तथा बिक्री वितरणको कार्यलाई व्यवस्थित गर्न प्रचलित दररेटमा नियामानुसार नगरपालिकाले राजश्व संकलन गर्ने व्यवस्था मिलाउने ।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(घ) मा उल्लेखित मनोरञ्जन कर, विज्ञापन कर, जडीबुटी, कवाडी र जीवजन्तु कर संकलनको लागि कटारी नगरपालिकाको आर्थिक ऐन, २०८१ ले निर्धारण गरेको दररेटको आधारमा प्रचलित कानून बमोजिम ठेक्का बन्दोबस्त गर्ने।

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा नगर दररेट सम्बन्धी छलफल गर्दा जिल्ला दररेटलाई आधार मानी आर्थिक वर्ष २०८१/८२ का लागि कटारी नगरपालिकाले आफ्नो क्षेत्राधिकारको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामग्री, ज्याला, भाडा तथा महसुलको स्थानीय दररेट निर्धारण गर्ने ।

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा मिति २०८१/०६/१२ गते भएको अविरल वर्षाका कारण कटारी नगरपालिकाको वडा नं.२, १४ लगायत बिभिन्न क्षेत्रमा बाढी पहिरोले गर्दा

भएको क्षतिहरुको विवरण जिल्ला विपद व्यवस्थापन लागायत सम्बन्धित निकायहरुमा पेश गर्ने तथा उचित क्षतिपूर्तिको लागि अनुरोध गर्ने निर्णय गरियो ।

५. आर्थिक सहायता सम्बन्धमा।

क) कटारी नगरपालिका वडा नं. ४, च. नं. ५६२, मिति २०८१/०६/१८ को परिपत्र अनुसार श्री किरण राईको आर्थिक अवस्था कमजोर भएको र आर्थिक सहयोगको सिफारिस अनुसार श्री किरण राईलाई एम्बुलेन्स सेवा बापदको रु. १७,००० भुक्तानी गर्ने निर्णय गरियो ।

ख) कटारी नगरपालिका वडा नं. ४, च. नं. ५६९, मिति २०८१/०६/२० को परिपत्र अनुसार श्री प्रमिला बिश्वकर्माको आर्थिक अवस्था कमजोर भएको र आर्थिक सहयोगको सिफारिस अनुसार औषधि उपचारको लागि रु. १५,००० भुक्तानी गर्ने निर्णय गरियो ।

ग) कटारी नगरपालिका वडा नं. ४, च. नं. २६२, मिति २०८१/०५/०६ को परिपत्र अनुसार श्री बुद्ध थापा मगरको आर्थिक अवस्था कमजोर भएको र आर्थिक सहयोगको सिफारिस अनुसार औषधि उपचारको लागि रु. १५,००० भुक्तानी गर्ने निर्णय गरियो ।

घ) कटारी नगरपालिका वडा नं. ३, च. नं. ३०, मिति २०८१/०४/०६ को परिपत्र अनुसार श्री पंच बहादुर तामांगको आर्थिक अवस्था कमजोर भएको र आर्थिक सहयोगको सिफारिस अनुसार औषधि उपचारको लागि रु. १५,००० भुक्तानी गर्ने निर्णय गरियो ।

६. विविध

ङ) कारागार व्यवस्थापन विभाग, कारागार कार्यालय, उदयपुरको च. नं. ३६३, मिति २०८१/०६/०६ को आवश्यक सहयोग विषय सम्बन्धी परिपत्रअनुसार सो कार्यालयलाई रु. १७,००० सहयोग गर्ने निर्णय गरियो ।

च) पाँचमौजा कछाडीया दनुवार समाज, कटारी वडा नं. ५ को च. नं. ०१, मिति २०८१/०३/०७ को आर्थिक सहयोग सम्बन्धी पत्रानुसार २०८१/०७/२७ गतेका दिन हरिबोधनी एकादशी पर्वको पवन अवसरमा आफ्नो कला संस्कृति झल्किने

किसिमका झाक्री सहितको कार्यक्रमको लागि रु. ५१,००० सहयोग गर्ने निर्णय गरियो ।

छ) वन, बातावरण तथा विपद व्यवस्थापन समितिको मिति २०८१/०४/०४, २०८१/०५/२८ र २०८१/०६/१८ का निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

ज) कटारी नगरपालिका भित्रका सम्पूर्ण प्रहरी चौकीहरुलाई आउदै गरेको मौलो पूजा गर्नको लागि प्रति चौकी रु. १०,०००, सशस्त्र प्रहरी बेस क्यामलाई रु. २०,००० र ईलाका प्रहरी कार्यालय, कटारी-३ लाई रु. २५,००० सहयोग गर्ने निर्णय गरियो ।

झ) मिति २०८१/०१/१६ गतेका दिन यस नगरपालिकाका स्थानीय समन्वय समितिको निर्णय अनुसार कटारी-५ बस्ने श्री दुर्गा बहादुर खडका होचो पुड्को भएकोहुदा स्वयम्ले ४ पांग्रे स्कुटर खरिद गरेको र यस न. पा. वाट खरिद मुल्यको ५०% अधिकतम नबढ्ने गरी भुक्तानी गर्ने निर्णय गरियो ।

ञ) कटारी नगरपालिका वडा नं. १०, च. नं. ८६, मिति २०८१/०५/२५ को परिपत्र अनुसार श्री निर्मला थापाको हत्या भएकोहुदा मिर्तकको शरीर पोष्ट म्याटम् गर्न कटारी ल्याउदा भएको सवारी भाडा खर्च रु. २७,००० श्री वडा नं. १० को शिवराज बिष्टलाई भुक्तानी गर्ने निर्णय गरियो ।

ट) कटारी अस्पतालमा कार्यरत विशेषज्ञ MDGP डा. द्वारा सामान्य सुत्केरी हुन नसकेका महिलाहरुको लागि विगत देखि संचालित अप्रेशन गर्ने विधि/ CEONC सेवा संचालन भई आएको र सो सेवा संचालन गर्नको लागि स्थाई कर्मचारी नभएको र हाल करारमा नियुक्त भएका विशेषज्ञ MDGP डा. सन्तोष साहले सो सेवा निरन्तरता दिई आमा सुरक्षा कार्यक्रममा थप टेवा पुर्याए बापत निजलाई थप रू. १ लाख मासिक रकम यस आ. व को श्रावण महिना देखी यस न.पा को स्वास्थ्य तर्फको स्वास्थ्य संस्था/अस्पतालमा आवश्यक विशेषज्ञ स्वास्थ्यकर्मकीको लागि पारिश्रमिक तथा प्रोत्साहन रकमवाट भुक्तानी गर्ने निर्णय गरियो ।

ठ) विगत देखी करार सेवामा कटारी अस्पतालमा कार्यरत डेन्टल सर्जनको पारिश्रमिक यस न.पा को स्वास्थ्य तर्फको स्वास्थ्य संस्था/अस्पतालमा आवश्यक विशेषज्ञ स्वास्थ्यकर्मकीको लागि पारिश्रमिक तथा प्रोत्साहन रकमवाट भुक्तानी गर्ने निर्णय गरियो ।

ड) प्रस्तुत विषयमा कटारी नगरपालिकाको नदीजन्य पदार्थलाई IEE स्वीकृत गरेको क्षेत्र भित्र निम्न ८(आठ) स्थानमा प्रचलित कानून बमोजिम ठेक्का बन्दोबस्त गर्न आवश्यक ठेक्का प्रकृया अगाडी बढाउने निर्णय गरियो।

<u>तपसिलः</u>

१. सिस्नेरी तिम्नाही – वडा नं. १

२. बेलसोत– वडा नं. १

३. भुन्टे चौरी, कमलाबाट – वडा नं. २

४. सिमानपुर खोक्सा – वडा नं. २

५. तावा खोला – वडा नं. ३

६. हडैया खहरे दोभान – वडा नं. ३

७. बरमझिया – वडा नं. ५

८. कपुरदह माझीगाउँ – वडा नं. ७

ढ) वडा नं. ८, ९, ११ र १३ को वडा कार्यालय भवन निर्माणको लागि प्रचलित कानून बमोजिम ठेक्का बन्दोबस्त गर्न आवश्यक ठेक्का प्रकृया अगाडी बढाउने निर्णय गरियो।